नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री दिनेश सागर भुसालले गरेको फैसला

**मुद्दा-: सार्वजनिक शान्ति बिरुद्धको कसूर ।**

**मि.नं.-३६ दायर मिति:-२०८१/०४/२१**

**फैसला मितिः-२०८१/०४/२१**

| **वादी** | **प्रतिवादी** |
|---|---|
| **प्रहरी प्रतिवेदनले** | **जिल्ला पर्सा वीरगन्ज महानगरपालिका वडा न्.१८ बस्ने मोहन** |
| **नेपाल सरकार..........................१** | **राउत अहिरको छोरा बर्ष ३२ को कन्हैया प्रसाद यादव.........१** |

प्रस्तुत मुद्दा यस कार्यालयको क्षेत्राधिकार भित्र पर्ने भई यस मुद्दाको संक्षिप्त तथ्य एवं ठहर यस प्रकार छः-

<u>**तथ्य-खण्ड**</u>

१. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्नुका साथै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने प्रहरी प्रतिवेदन.।

२. प्रतिवादीले प्रहरीलाई गाली गलौज गर्नुका साथै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।

३. मैले प्रहरीलाई गाली गलौज गर्नुका साथै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।

४. प्रहरीलाई गाली गलौज गर्नुका साथै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा पुर्याएकोले कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका सरेन्द्र साह रौनियार समेतको घटनाविवरण कागज।

५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।

६. प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान ।

<u>**ठहर-खण्ड**</u>

यसमा मिति २०८१।०४।१६ गते जिल्ला पर्सा वीरगन्ज म.न.पा.वडा नं. २४ स्थित सडकमा प्रतिवादी कन्हैया प्रसाद यादवले हो-हल्ला गरिरहेको अवस्थामा फेला पारी सोधपुछ गर्दा निजले हामि प्रहरी कर्मचारीहरुलाई आवेशमा आई गाली गलौज गर्नुको साथै हातपात समेत गर्न खोजी कर्तव्य पालनामा बाधा अबरोध पुन्याएको भन्ने प्रहरी प्रतिवेदन तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादीले यस कार्यालयमा उपस्थित भई गरेको साबिती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिम कसूर गरेको ठहर्छ। सो ठहर्नाले मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(२) बमोजिम प्रतिवादी कन्हैया प्रसाद यादवलाई कैद दिन ५ र जरिवाना रु.५०००/- अक्षरेपी पाँच हजार मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

<u>**तपसिल खण्ड**</u>

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ६६(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ६६(२) बमोजीम प्रतिवादी कन्हैया प्रसाद यादवलाई ठहरेको कैद दिन ५ को हकमा निज मिति २०८१/०४/१६ देखि २०८१/०४/२० सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवानाको हकमा रकम रु.५०००/- असुल उपर गर्नु ----१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादहदिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु----------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**दिनेश सागर भुसाल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ श्रावण महिना २१ गते सोमवार रोज २/ ने.सं. ११४४ गुंलाध्व पारु, शुभम् ........